## के मेरा ब्यक्तिगत सुचनाहरु अन्य सरकारी निकायहरुलाई पनि दिइन्छ?

दिइन्न । तपाईले जनगणनाको बेला दिएका कुनै पनि ब्यक्तिगत सुचना अन्य सरकारी निकाय वा एजेन्सीहरु, प्रहरी, अष्ट्रेलियन कर कार्यालय वा सेन्टरलिंक कसैलाई पनि उपलब्ध गराइदैन ।

कुनै पनि ब्यक्ति वा घरधुरीको परिचय खुल्ने खालका सबै अष्ट्रेलियनहरुको सुचनाको गोपनियता रक्षा गर्न ABS कानुनी रुपमा बाध्य छ ।

## जनगणना सकिएपछि मेरा ब्यक्तिगत सुचनालाई के गरिन्छ?

तथ्यांक संकलनपछि घरधुरी सुचनाहरुबाट सबै नाम र ठेगानाहरु हटाईन्छ । जनगणनाका अन्य तथ्यांकबाट हटाएर नाम र ठेगानाहरुलाई छुट्टै सुरक्षित रुपमा राखिन्छ । सामुदायिक हितका लागि तिनलाई राख्नका लागि आवश्यक नरहेको खण्डमा नाम र ठेगानाहरु संकलनको ४ बर्ष वा त्यो भन्दा अगाडि नै नष्ट गरिन्छ ।

## के जनगणना अनिवार्य हो?

हो । उनिहरु जहाँ भएपनि बिदेशी कुटनितिज्ञ र तिनका परिवार बाहेकका सबैले जनगणना रातमा जनगणना पुरा गर्नैपर्छ । यसमा ४५७ भिषा भएका र अन्तराष्ट्रिय आगन्तुकसमेत पर्दछन् ।

यि सुचनाहरु जनगणना तथा तथ्यांक ऐन १९०५ को प्राधिकारको अन्तरगत संकलन गरिन्छन् । निर्देशन दिएको बेला जनगणना पुरा नगर्दा तपाईलाई जरिवाना समेत लाग्नसक्छ ।

## महत्वपूर्ण मितिहरु

जनगणनाका महत्वपूर्ण मितिहरु:

- **अगष्ट १, २०१६**
  निर्देशन पत्र र फारम बितरणको शुरुवात
- **अगष्ट ९, २०१६**
  जनगणना रात्री
- **अगष्ट २६, २०१६**
  जनगणना फिल्ड अफिसरहरुको भ्रमण शुरु
- **२०१७ को मध्य**
  २०१६ को जनगणनाको पहिलो परिणाम सार्वजनिक

## थप जान्न चाहनुहुन्छ?

थप जानकारीका लागि **census.abs.gov.au** मा जानुहोस्






Census Australia

@ABSCensus

@ABSCensus

CensusAustralia

**#MyCensus**

आफ्नो #MyCensus क्षण साझेदारी गर्नुहोस । टि र सिएस **mycensus.abs.gov.au/terms** हेर्नुहोस्

Australian Bureau of Statistics

# Census

census.abs.gov.au

OUR MOMENT TO MAKE A DIFFERENCE

अगष्ट ९ जनगणनाको रात हो ।

# सबैका लागि एकछिन सबै काम छोडेर अष्ट्रेलियाको भविश्य बनाउनका लागि भुमिका खेल्ने क्षण पनि हो ।

## जनगणना के हो?

जनसंख्या र घरको जनगणना अष्ट्रेलियाको सबैभन्दा ठुलो तथ्यांक संकलन हो जुन अष्ट्रेलियाली तथ्यांक बिभाग ABS ले सम्पन्न गर्दछ । बिगत १०० बर्ष भन्दा अगाडिदेखि जनगणनाले अष्ट्रेलियाको भबिष्यका लागि शिक्षा, स्वास्थ्य, यातायात र भौतिक पूर्वाधारको योजना तर्जुमा गर्नका लागि चित्र प्रदान गरेको छ ।

## जनगणना कहिले हुदै छ?

अष्ट्रेलियाको आगामी जनगणना अगष्ट ९ मा हुदैछ ।

## अष्ट्रेलियाका लागि जनगणनाले के अर्थ राख्छ?

जनगणनाले अष्ट्रेलियाको जनता र तिनको घरका बिषयमा महत्वपूर्ण सुचना प्रदान गर्दछ । यसले अष्ट्रेलियाको जनसंख्या अनुमान गर्न सहयोग गर्दछ जसलाई सरकारका श्रोत र तर्जुमा गरिएका सेवाहरु सबै समुदायसम्म बितरण गर्नका लागि प्रयोग गरिन्छ ।

२०१६ को जनगणनामा करिब १ करोड बासस्थान र लगभग २ करोड ४० लाख जनताको गणना गर्ने अनुमान गरिएको छ जुन अहिलेसम्मकै ठुलो गणना हो ।

## तपाईको जनगणना अनलाइन बाट पुरा गर्न

२०१६ मा १ करोड ५० लाख भन्दा बढि मानिसले अनलाइन मार्फत जनगणना पुरा गर्ने अनुमान गरिएको छ ।

## म के अपेक्षा गरौं?

अगष्ट १ देखि प्राय घरधुरीले ABS मार्फत 'घरधुरीका लागि' भनेर सम्बोधन गरिएको पत्र प्राप्त गर्नेछन् ।

पत्रमा तपाईको घरधुरीको अदित्तिय जनगणना लगइन र अनलाइन मार्फत कसरी जनगणना पुरा गर्ने जानकारीका साथै कसरी कागजी फारम अर्डर गर्ने भन्ने निर्देशनहरु संलग्न हुन्छन् ।

## के म हातमा बोक्ने डिभाइसहरुबाट पनि अनलाईन जनगणना पुरा गर्न सक्छु?

सक्नुहुन्छ । तपाई ट्याबलेट, डेस्कटप ल्यापटप वा मोबाइल प्रयोग गरी इन्टरनेट उपलब्ध हुने कुनैपनि ठाँउबाट जनगणना पुरा गर्न सक्नुहुन्छ ।

## किन बिधुतिय (डिजिटल)?

अनलाईन मार्फत जनगणना गर्दा छिटो, सरल, सुरक्षित, वातावरण मैत्रि हुनुका साथै समुदायका लागि जनगणनाको खर्च घटाउन मद्दत गर्दछ ।

## तैपनि के म कागजी फारम पनि भर्न सक्छु?

सक्नुहुन्छ । यदि तपाई ईन्टरनेटको पहुँचमा पुग्न असमर्थ हुनुभयो वा कागजी फारम नै भर्न मन पराउनुहुन्छ भने हाम्रो स्वचालित कागजी फारम आग्रह सेवामा फोन गर्न सक्नुहुन्छ । यसका लागि तपाइले प्राप्त गरेको पत्रको १२ अंकवालो जनगणना लगइनको आवस्यकता पर्दछ ।

कागजी फारम भरेर रिप्ले पेड खाममा अबिलम्ब फिर्ता गर्नुपर्दछ । जनगणना फिल्ड अधिकृत आएर संकलन गर्ला भनी पर्खेर नबस्नुहोस ।

## मलाई दोभाषेको सहयोग चाहिन्छ, त्यस्को लागि मैले कहाँ फोन गर्नु पर्छ?

यदी तपाईंलाई दोभाषेको सहयोग चाहिएमा Translating and Interpreting Service – TIS National लाई १३१४५० मा संपर्क गर्नुहोला ।

TIS TRANSLATING AND INTERPRETING SERVICE

## ABS मेरो गोपनियता कसरी सुनिश्चित गर्छ?

ABS ले गोपनियतालाई गम्भिरतापूर्वक लिन्छ । उनिहरुले दिएको सुचना सुरक्षित हुन्छ भन्ने जनताको पूर्ण रुपमा निर्धक्क नभए जनगणनाले काम गर्न सक्दैन ।

ABS ले जनगणनाको प्रगोगकर्तालाई निश्चित ब्यक्ति वा घरधुरीको पहिचान खुल्ने गरी कुनै पनि सुचना प्रकाशित नहुने कुराको सुनिश्चित गर्दछ ।



